

# बजार अवलोकन ५५

## असार, २०७०†

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***यो महिनामा मौसमी रुपमा बाली उत्पादन रित्त हुने समय भएको र मनसुनी वर्षाका कारण पहाडी तथा हिमाली क्षेत्रलाई जोड्ने क्षेत्रीय राजमार्गहरु बारम्बार अवरुद्ध भई आपूर्तिमा बाधा पुगेको हुनाले २०७० असारमा देशभर विभिन्न बजारहरुमा अनुगमन गरिएका खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले बढ्दो प्रवृति देखाए।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार, २०७० असारमा राष्ट्रिय स्फीतिदर ७.८ प्रतिशतमा कायम रहयो भने अन्नहरुको उच्च मूल्य सूचकाङ्क गत वर्ष सोही समयको ४.३ प्रतिशतको तुलनामा ११.८ प्रतिशत भएको पाइयो।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

देशभर नियमित रुपमा अनुगमन गरिएको बजारहरुमा २०७० चैत्रको तुलनामा अपवाद स्वरुप खानेतेल र गहुँको पिठोको मूल्य वाहेक प्राय खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति देखाए। गत वर्ष सोही समयको तुलनामा समेत खाद्य बस्तुहरुको मूल्य बढी रहेको पाइयो। गत एक महिनामा मोटा चामल र गहुँको पिठोको मूल्य क्रमश: १.२ र २.८ प्रतिशतका दरले बृद्धि भयो। यसैगरी, मास र मुसुरोको मूल्य क्रमश: २.१ र १.१ प्रतिशतका दरले बृद्धि भयो भने भटमासको तेल र तोरीको तेल जस्ता खानेतेलहरुको मूल्य १ प्रतिशत भन्दा कमका दरले बृद्धि भयो। यद्यपि, पहाडी तथा हिमाली बजारहरुमा वर्षे आलु आएको हुनाले रातो आलुको मूल्य भने १.८ प्रतिशतले घट्यो।

क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय बजारको भन्दा केही भिन्न प्रवृति देखाए जस अन्तर्गत सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरुमा मोटा चामलको मूल्यमा बृद्धि भयो भने तराईका बजारहरु साथै काठमाडौं र पोखरा जस्ता मुख्य उपभोक्ता बजारहरुमा यसको मूल्यले न्यूनरुपमा घट्दो प्रवृति देखायो। गहुँको पिठो र मुसुरोको मूल्यले भने सम्पूर्ण क्षेत्रीय बजारहरुमा बढ्दो प्रवृति देखाए।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा थोक मूल्यहरु सापेक्षिक रुपमा स्थिर रहयो। कालीमाटी फलफूल तथा तरकारी बजारमा ताजा तरकारीको थोक मूल्यमा मौसमी रुपमा हुने उतारचढाव देखियो; काउली, बन्दा, सुकेको प्याज र गोलभेडाको मूल्यमा तीव्ररुपमा बृद्धि भयो भने रामतोरीया, स्कुस, घ्यू सीमी र पिडालुको उत्पादनमा बृद्धि भई मूल्य घट्यो।

नेपाल राष्ट्र बैंकद्वारा प्राकशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदन अनुसार २०७० असारमा वार्षिक मूल्य स्फीति गत वर्षको सोही समयको ११.५ प्रतिशतको तुलनामा ७.८ प्रतिशतमा कायम रहयो। खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क ८.४ प्रतिशतले बृद्धि भयो भने अन्नहरुको उच्च मूल्य सूचकाङ्क ११.८ प्रतिशतमा कायमै रहयो जुन गत वर्ष सोही समयमा ४.३ प्रतिशतले न्यूनरुपमा बृद्धि भएको थियो। यसले गरीब र जोखिममा परेका वर्गहरुको खाद्य सुरक्षामा नकारात्मक प्रभाव पार्नेछ।

### आपूर्ति

पहाडी तथा हिमाली क्षेत्रललाई जोड्ने क्षेत्रीय सडकहरु (राप्ती, महाकाली, कर्णाली, पुष्पलाल, कोशी कटारी-ओलखढुङ्गा र पासाङ्ग ल्हम्) मनसुनी वर्षा पश्चात आएको पहिरोका कारण आंशिकरुपमा अवरुद्ध भए जसले गर्दा ढुवानीको दरभाउ बृद्धि हुनाका साथै खाद्यबस्तुहरुको ढुवानीमा लाग्ने समयमा समेत बृद्धि भयो। जसको प्रभावस्वरुप केही बजारहरु विशेष गरी सुदूर तथा मध्य पश्चिमी पहाडी तथा हिमाली बजारहरुमा खाद्य संचिती रित्तिदै गएको छ र यसले खाद्यान्नको आंशिक अभाव हुने अवस्था तर्फ लगिरहेकोछ।

### पूर्वानुमान

आश्विन महिनामा भित्र्याउने अपेक्षा गरिएको आगामी बाली नभित्र्याईएसम्म प्राय खाद्य बस्तुहरुको उच्च मूल्य कायमै रहेन वा बृद्धि हुने अनुमान छ। हालै पेट्रोल र डिजेलको मूल्यमा क्रमश: रु. २ र रु. १ का दरले भएको मूल्य बृद्धिले यातायात लागतमा बृद्धि गराई खाद्यान्न मूल्य बृद्धि गराउन सक्ने अनुमान छ। काठमाडौं उपत्यकामा फैलिएको बर्डफ्लूका कारण कुखुराको मासुको सट्टामा खपत हुने खाद्य बस्तुहरु र केही मात्रामा तरकारीहरुको मूल्यमा बृद्धि हुने अनुमान छ।

तराईका केही क्षेत्रहरुमा बाढीले धानखेत क्षती पुऱ्याएतापनि निरन्तर भएको मनसुनी वर्षाले धान रोपाँइमा सहयोग पुऱ्याएको छ। अत: धानबालीको उत्पादन राम्रो हुने पूर्वानुमान छ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| पेट्रोल, डिजेल | विभिन्न | >१ | नेपाली रुपैयाको तुलनामा अमेरिकी डलरको भाउ बृद्धि भएको हुनाले। |
| सुकेको प्याज, गोलभेडा, काउली र बन्दा | विभिन्न | >२० | मौसमी रुपमा उत्पादन रित्त हुने समय भएको हुनाले आपूर्तिमा कमि। |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

† मूल्यहरु २०७० असार महिनाको मूल्य सँग सम्बन्धित छन्।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन्।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन्।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-५५

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- असार, २०७०

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३८.० | -२.६ | ५.६ | २.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | १५.२ | ५.६ | ८.६ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ५.३ | -२.१ | -२.१ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | २५५.० | -१५.० | -१५.० | ४.१ | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | १६५.० | -२.९ | -१.२ | -६.८ | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | ९.६ | १०.६ | १३.६ | ▲ | ▲ | ▶ |
| | मुसुरो | १०५.० | -४.६ | १.९ | १.९ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | -१३.८ | -७.४ | -२८.६ | ▼ | ▶ | ▼ |
| पोखरा | मोटा चामल | ४५.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४४.० | १०.० | ४.८ | २९.४ | ▲ | ▶ | ▲ |
| | भटमासको तेल | १४५.० | -३.३ | -३.३ | -७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३१०.० | ६.९ | -११.४ | ३.३ | ▲ | ▼ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | ८.४ | ▶ | ▶ | ▶ |
| | मास | १४०.० | ९.४ | ९.४ | २१.७ | ▲ | ▶ | ▲ |
| | मुसुरो | ११५.० | ९.५ | -१०.२ | २१.१ | ▲ | ▼ | ▲ |
| | आलु | ३५.० | १६.७ | ९.४ | -१६.७ | ▲ | ▶ | ▼ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३२.० | -५.९ | -८.६ | ४.३ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | २९.६ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १५५.० | -१.९ | १९.२ | ९.४ | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | २८०.० | -६.७ | ०.० | १२.० | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १९०.० | ०.० | -५.० | ८.६ | ▶ | ▶ | ▶ |
| | मास | ११५.० | ०.० | ४.५ | २७.८ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १२०.० | ४.३ | २०.० | ५४.५ | ▶ | ▲ | ▲ |
| | आलु | ३०.० | -१४.३ | ६६.७ | १८.४ | ▼ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३६.० | २.९ | ०.० | ५.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३३.० | ३.१ | -१३.२ | १७.९ | ▶ | ▼ | ▲ |
| | भटमासको तेल | १५८.० | -१.३ | -२.५ | ५.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | -१३.३ | -१३.३ | ०.० | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | १८०.० | -१.१ | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १०२.० | २.० | -१.० | १०.९ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -४.३ | ६.८ | १९.६ | ▶ | ▶ | ▲ |
| | आलु | २२.० | १०.० | ५७.१ | -२१.४ | ▲ | ▲ | ▼ |
| नेपालगंज | मोटा चामल | ३६.० | -२.७ | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३५.० | ०.० | -७.९ | २५.० | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १३५.० | ०.० | -३.६ | -३.६ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४०.० | -२०.० | -११.४ | -१४.३ | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | २००.० | ०.० | -४.८ | ११.१ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | -४.० | -७.७ | ४६.९ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १०५.० | ०.० | १.९ | ४०.० | ▶ | ▶ | ▲ |
| | आलु | २५.० | २५.० | ५६.३ | -१६.७ | ▲ | ▲ | ▼ |
| धनगढी | मोटा चामल | ४०.० | ०.० | ०.० | ४२.९ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३३.० | ०.० | ०.० | २२.२ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १३३.० | ०.८ | -१.५ | १०.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | ०.० | १.८ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १३४.० | ०.० | -४.३ | ७.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ४.८ | ३७.५ | ▶ | ▶ | ▲ |
| | आलु | ३९.० | ०.० | ९५.० | -२.५ | ▶ | ▲ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३५.० | ०.० | २५.० | २५.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ९.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | -७.१ | -७.१ | -७.१ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | ०.० | -७.१ | -७.१ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६०.० | ६.७ | -५.९ | -११.१ | ▲ | ▶ | ▶ |
| | मास | १२५.० | ०.० | ०.० | ५३.१ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १००.० | ०.० | -९.१ | ३३.३ | ▶ | ▶ | ▲ |
| | आ | २५.० | ०.० | २५.० | -१६.७ | ▶ | ▲ | ▼ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३७.० | २.८ | १२.१ | १९.४ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ३५.० | ०.० | -१६.७ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ३.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -४.३ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |
| रोल्पा | मोटा चामल | ६०.० | २०.० | ७१.४ | ११४.३ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | -११.१ | ४२.९ | ▶ | ▼ | ▲ |
| | भटमासको तेल | १५५.० | ०.० | -११.४ | २९.२ | ▶ | ▼ | ▲ |
| | कुखुराको मासु | ३२०.० | ६.७ | १०.३ | २८.० | ▲ | ▲ | ▲ |
| | मास | ११५.० | ०.० | -८.० | -८.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ५०.० | ▶ | ▶ | ▲ |
| | आलु | ५०.० | ०.० | ६६.७ | २५.० | ▶ | ▲ | ▲ |
| सांफेबगर | मोटा चामल | ३६.० | ०.० | २.९ | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | -२०.० | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | ३५०.० | ०.० | ९.४ | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ४.३ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | -१०.० | -१०.० | ०.० | ▼ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | २०.० | ३३.३ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ६०.० | ०.० | -१४.३ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १८०.० | १२.५ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | २५.० | ५.३ | - | ▲ | ▶ | - |
| | मास | १४०.० | ७.७ | ४०.० | ४०.० | ▲ | ▲ | ▲ |
| | मुसुरो | १४०.० | ०.० | ४०.० | ४०.० | ▶ | ▲ | ▲ |
| | आलु | ३०.० | ०.० | ०.० | -२५.० | ▶ | ▶ | ▼ |
| बाजुरा | मोटा चामल | ४२.० | ५.० | २०.० | -६.७ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ४४.० | ७.३ | -१२.० | १०.० | ▲ | ▼ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १३५.० | १२.५ | १२.५ | १२.५ | ▲ | ▲ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | -१६.७ | -१६.७ | ०.० | ▼ | ▼ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | ०.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २००.० | ०.० | २५.० | -१३.० | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | १३०.० | -५६.७ | ०.० | १८.२ | ▼ | ▶ | ▲ |
| | मास | १५०.० | ०.० | - | -२८.६ | ▶ | - | ▼ |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | १००.० | ६६.७ | ६६.७ | ४२.९ | ▲ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १३०.० | ८.३ | ८.३ | ३०.० | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | १३०.० | ८.३ | ८.३ | -७.१ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | २४०.० | ४.३ | ४.३ | १४.३ | ▶ | ▶ | ▶ |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | १३५.० | -४१.३ | -४१.३ | -३५.७ | ▼ | ▼ | ▼ |
| | मुसुरो | २६०.० | ४.० | ४.० | २३.८ | ▶ | ▶ | ▲ |
| | आलु | ३५.० | - | ०.० | -३०.० | - | ▶ | ▼ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशित सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्स्टेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कुनै जरुरी छैन ।